# को शत्रु को मित्रु ?

मुखराबिन्द बाट
सर्बे भबंतु सुखिना
राम राज्य  कुरा आइ रहयो
गीत गाइ रहयौ हाम्रो
गांडिब को झंकार
पाशुपात तिम्रो अनुरोध

जब धाबा शुरु भयो
न तिमी सारथि न रण भूमीमा
देख्यों दुर्योधन सँग हात मिलाएर फर्किएछौ
डबलिमा नयाँ नाँच नाच्न थाल्यौ
नब कुबेर
कता गयो  सर्बे भबंतु?
कता गयो  राम राज्य   ?
केवल रैति फेरि
नयाँ बादशाहको ?

आज फेरिभित्ता पुगेछौ
डबलि बाट झारिएछ
डबलिमा उहि पुरानो तांडब
अह्वान आइरहेछ
गांडिब को
पाशुपात को
राम राज्य कुरा आइरहेछ
थाहा छैन
कस्को बिस्वास
के भोलि फेरि
लिस्नो चडिसकेपछि
इतिहास नदोहरिएला ?
को मित्रु ?
को शत्रु?
+++

कपिल अधिकारी
ताइपे,ताइवान
June15,2003